(मन्दाक्रान्त छन्द)

# लोकतन्त्रै उदायो !

-ज्यो. रत्ननिधि रेग्मी, "शुक्राचार्य"

रातो झण्डा फरफर हुँदा मुस्कुरायो हिमाल
ओर्ल्यो आभा- किरण- रविको छर्न लाग्यो प्रकाश
ज्यूँदा- जाग्दा युवकहरुमा चेतना जग्मगायो
नेपालीका घर- घर नयाँ लोकतन्त्रै उदायो ।

गर्जे लाखौं दमित स्वरले, क्रान्तिको गीत गाई
जागे मान्छे शहर अथवा गाउँ आलोक पाई
ठूला- साना दलहरु जुटे साथमा ती प्रबुद्ध
हुङ्कारै भो ध्वनि विजयको एकतन्त्री विरुद्ध ।

शाही सत्ता ढलपल भयो सास बाँकी हिरिक्क
जाने कैल्हे ? दिन पनि कुनै छैन टुङ्गो विशेष
सामन्ती छन् थरहर यहाँ लाख मानिस देखी
गर्थे जो जो हुकुम अथवा राज्यमा खूब शेखी ।

जाली- झेली कतिपय थिए गाउँमा नामधारी
हुन्थे थुप्रै शहरभरि झन् झूठ सत्ता- पुजारी
झण्डा- डण्डा लिइकन ठुला तोप- बन्दूक- गोली
हिंसा गर्ने जनहरु लुके, छैन झैं आज- भोलि ।

यस्पालीको शुरुतिर नयाँ वर्षमा हर्ष आयो
नेपालीले मुलुकभरि नै शान्तिको गीत गायो
हिंसाखोरी उपर गतिलो वज्र- मुक्का लगायो
नारा लाग्यो, सबतिर नयाँ लोकतन्त्रै उदायो ।

मुर्दावादै कति- कति चल्यो राजशाही विरुद्ध
जिन्दावादै पनि हुन गयो पक्षमा लोकतन्त्र
माओवादी, अरु दलहरु ओर्लिए खोज्न शान्ति
कस्तो भो लौ हलचल ठुलो मच्चिंदा घोर क्रान्ति ।

संसद् ब्युँत्यो जनहरु खुशी हर्षले गड्गडाए
तानाशाही असफल भई भासिए, डग्मगाए
पञ्चैबाजा सबतिर बज्यो वेदना भाग्न थाल्यो
नेपालीका तन- मन विषे लोकतन्त्रै उदायो ।

वार्ता होला सफल अब ता ठान्दछन् देशवासी
आशा गर्छन् हर- दिन यहाँ देशका ती प्रवासी
फर्केलान् ती जनहरु सबै युद्धमा होमिएका
हाँस्लान् गाऊँ- घर- शहर वा जिन्दगी दागिएका ।

होला निर्वाचन अब नयाँ सम्विधानै सभाको
गर्ला त्यस्ले वृहद- जनमा भावना एकताको
फिर्ता गर्ला जन-मत बुझी राज्यको भागीदार-
बन्लान् हाम्रै युवक- युवती, देशका कर्णधार ।

मौका हेरी हुन पनि अझै सक्छ षड्यन्त्र धेर
हाम्रा प्यारा शहिदहरुको त्याग जाला सडेर !
आँखा खोली जन- बल रहुन् हर्दमै होशियारी
ल्याउन् छिट्टै, सकल जनको तन्त्रको होस् तयारी ।

Mobile: 9841284638 E- mail: poetshukracharya@yahoo.com